The First International Seminar/Symposium on Tamang Langauge and Script, 16-17_Dec-1995, Gangtok, India.

Tamang language and Script

A Seminar Paper presented by Ajitman Tamang, Central Committee Member, Nepal Tamang Ghedung

तामाङ ग्योत टीसाम तामाङ जात टीबा, तामाङ ग्योत म्हासाम तामाङ जात म्हाबा

तामाङ ग्योत थेन छ्चे/यीग

tamaŋ Gyot then chye/yiG

तामाङ भाषा र लिपि

सिक्किम तामाङ बौद्ध संघद्वारा आयोजना गरिएको तामाङ भाषा लिपि
विचार गोष्ठीमा नेपाल तामाङ घेदुङको तर्फबाट प्रस्तुत कार्यपत्र:

प्रस्तुतकर्ता:
अजितमान तामाङ
केन्द्रीय सदस्य, नेपाल तामाङ घेदुङ
पो.ब.नं. ८२२, केन्द्रीय सचिवालय, काठमाडौं

२०५२, पौष १ गते

तामाङ भाषा साहित्यको सहयोगार्थ रु.१५/-

सम्बोटा लिपिमा ऐतिहासिक तामाङ वंशावली रांमठीम र धर्मशास्त्र लिपिवद्ध:



विषय प्रवेशः

श्री सिक्किम तामाङ बौद्ध संघले "तामाङ लिपि विचार गोष्ठी" आयोजना गरी नेपाल तामाङ घेदुङलाई संगठनको आधिकारिक विचार दिन निमन्त्रणा गर्नु भएकोमा नेपाल तामाङ घेदुङ परिवार सिक्किमेली तामाङ समुदायलाई "सिक्किम तामाङ बौद्ध संघ मार्फत धन्यवाद ज्ञापन गर्दछ ।

नेपाल तामाङ घेदुङ, नेपालको राष्ट्रियस्तरको तामाङहरूको एउटै मात्र संस्था हो । यसले तामाङ भाषा, लिपि, कला, धर्म, संस्कृति, समाज व्यवस्था, इतिहास आदिको विषयमा अध्ययन, अन्वेषण गरी पत्र-पत्रिका पुस्तक प्रकाशन गर्ने, विद्यालय सञ्चालन गर्ने, फिल्म क्यासेट सार्वजनिक प्रवचन गोष्ठी, आदि गरी तामाङ भाषा लिपि, धर्म संस्कृतिको संरक्षण एवं संवर्द्धन गर्ने कार्यहरू गरिआएको छ । नेपाल तामाङ घेदुङले आफ्नो स्वघोषित उद्देश्य अनुसार भाषा लिपिको पठनपाठन गराउँदै आएको र गत बुद्ध जयन्ती देखि भाषा तथा लिपि विकासको गर्न "गुम्बालाई शिक्षाको केन्द्र बनाऔं, धर्मलाई विकासको माध्यम बनाऔं" भन्ने नाराका साथ भाषा, धर्म, लिपि कलासंस्कृतिको विकासमा जुटेको छ भने, नेपालको तामाङहरूमा भाषालिपि कलासंस्कृति प्रति चेतनाको लहर आएको छ । हाल नेपाल तामाङ घेदुङ् नेपालको ६५ जिल्लाहरूमा पुगिसकेको र सयौं गाउँहरूमा समेत गाउँ स्तरीय इकाईहरू खुलिसकेको तथ्य राख्न चाहन्छौं ।

तामाङ भाषाको लिपि सम्बन्धमा भन्नुपर्दा नेपाल तामाङ घेदुङको बृहत राष्ट्रिय सम्मेलन २०४९ ले पारित तथा नेपाल तामाङ घेदुङको राष्ट्रिय कार्यकारिणी समितिको २०४९/१२/२२ को निर्णय अनुसार "लामा उछेन (सम्बोटा) लिपिलाई नै "तामाङ लिपि" को रूपमा लिने र अन्य नेपालमा रहेका भाषा भाषिकाको बीचमा भाषा साहित्य आदिलाई लैजान परेमा देवनागरी लिपिमा तथा अन्तर्राष्ट्रिय रूपमा परिचय दिन (I.P.A.) International Phonetic Alphabet लाई प्रयोग गर्ने गराउने" भन्ने निर्णय लिएको हुँदा तामाङ भाषाको अर्को लिपिको पत्तो नलागेसम्म नेपाल तामाङ घेदुङले "उछेन" लामा लिपिलाई नै "तामाङ लिपि"को मान्यता दिएको कुरा स्पष्ट पार्न चाहन्छु ।

नेपाल तामाङ घेदुङले यहि लिपिमा व्यवहारिक लेखन अभ्यास तथा पुस्तकहरू प्रकाशन आरम्भ गरिसकेको छ । विगतका आधा दशकदेखि तामाङ भाषा आलेखनको कार्य विभिन्न क्षेत्रबाट बृद्धि भईरहेको छ । तर अझै एउटै पूर्ण रूपमा आलेखनपद्धतिमा एक रूपता आइसकेको छैन । किनभने तामाङ भाषाको शब्द, वाक्य संरचना भए अनुसार लेख्ने अभ्यास वा आलेखन अभ्यास प्रयोगको अवस्थाबाट गुज्रीरहेको हुँदा यस अवस्थामा देवनागरी लिपिले तामाङ भाषाको सम्पूर्ण बोली, वर्ण ध्वनीहरूलाई संकेत गर्न नसकेको तथ्य तामाङ भाषिय पत्रिका तथा पुस्तकहरूको रचना तथा अनुवाद गर्दा, घेदुङको प्रकाशनको अनुभवले पुष्टि गरेको छ । तर अहिलेसम्मको अभ्यासमा 'उछेन" लामा लिपिमा (सम्बोटामा लिपिमा) देवनागरी लिपिमा जस्तो समस्याको महसूस तुलनात्मक रूपमा हेर्दा नभएको तथ्य राख्न चाहन्छौं ।

उछेन (सम्बोटा) लामालिपि नै किन ?

१. **सम्बोटा लिपिमा ऐतिहासिक तामाङ वंशावली रीमठीम र धर्मशास्त्र लिपिबद्धः**

तामाङ जातिको वंश वा थरहरूकोबारे वयान गरिएको तामाङ जातिको धर्म, रीमठीम, संस्कृतिबारे वर्णन गरिएको जो तामाङ समाजको लागि अति आवश्यक छ । र यो जगतको सृष्टिको बारेमा गीतात्मकलयमा वर्णन गरिराखेको, तामाङ समाजबारे लिखत वस्तु सामाग्रीहरू अर्थात ताम्बाले भन्ने "काओीरनहरू" जस्तो 'ह्रामा', 'हूओीछेन च्योप्ग्ये', जीग्तेन तामछ्योओी, आदि ताम्बाकाओीतेनहरू पहिले राणाकालमा हाम्रो जातिलाई लेखपढ गर्ने अवसर नदिएकै बेलादेखि लामालिपि उछेनमा (सम्बोटामा) नै लेखिएका थिए । जुन तामाङ लामालिपिको मूल पाण्डुलिपिबाट अनुवाद गरिएका क. सन्तबीर पाखीनको "ताम्बाकाओीतेन व्हाओी रीमठीम" र बुद्धिमान मोक्तानज्यूको 'जीग्तेन तामछ्योओी' तामाङ वंशावलीमा वर्णन गर्नुभएको, 'ह्रामा' हुओीछेन च्योप्ग्ये" अझै 'सम्बोटा' उछेन लामालिपिमा लेखिएको तामाङ व्हुलहरूमा पाइन्छ । र यी सबै पुस्तकहरू पाण्डुलिपिहरू नेपाल तामाङ घेदुङमा पनि सुरक्षित रहेकोछ । यसबाट उछेन लामा लिपिसँग तामाङहरू अस्तित्व गाँसिएको देखिन्छ ।

२. भाषा समुदायको लिपि:

संसारको विभिन्न भाषा परिवारहरूमध्ये तामाङ भाषा चिनीयावंशको भोट बर्मेली परिवारका हिमाली शाखा अन्तर्गत पर्न आउँछ । यसर्थ तामाङ भाषाको सहोदर भाइ भाषाहरू तिब्बती, शेर्पा र नेवार जातिको नेपाल भाषा जो हाम्रै हिमाली पहाडी क्षेत्रमा अति लोकप्रिय लिपिहरू उछेन, उमे, ल्हेन्ज्या (रञ्जना) कुटील आदि लिपिमा प्राचीनकालदेखि नै लिपिवद्ध भएको प्रमाणहरू आज हाम्रो सामु यत्रतत्र पाइन्छ । यी लिपिहरूसँग अधिकांश हाम्रा धर्मगुरुहरू लामा म्हेमेहरू चीरपरिचित छन् । त्यसैले यो लिपि भनेको हाम्रो आफ्नै भाषा समुदायको लिपि हो ।यहि लिपिहरूमा नेपाल भाषा वा तिब्बती भाषामा सयौंको संख्यामा तामाङ शब्दहरू लिपिवद्ध भइराखेको पाइन्छ । जस्तै:

तामाङ भाषा	तिब्बती भाषा	नेपाल भाषा	नेपाली अर्थ
ཕ་	ཕག་	ཕ་	सुङगुर/Pig
ཀ་		ཀ་	पछ्यौरा/Shawl
ཤ་	ཤ་		मासु/Meat
ཨ་ཁུ་	ཨ་ཁུ	ཨ་ཁུ་	काका/Uncle
ཤིང་	ཤིང་	ཤིང་	काठ/Wood
མི་	མིག་	མི་ཁ་	आँखा/Eye
དུཨི་	དུས་ (दुआी)	ཨི	समय/Time
དིཉི་	ཉི་མ་	ཉི་	घाम/Sun etc.

यो उछेन लिपि तामाङहरूमा मात्र होइन यस हिमाल क्षेत्रका सबै जनसमुदायहरूमा लोकप्रिय, प्रचलित र हिमालयन अन्तर्राष्ट्रिय स्तरमा रहेको छ ।

३. तामाङ भाषाको वर्ण (ध्वनी समूह) अनुरूप:

तामाङ भाषाको आफ्नै किसिमको ध्वनी व्यवस्थाअनुसारको आवश्यक सबै खालको वर्ण र लिपि चिन्ह उछेन (सम्बोटा) लिपि पाइन्छ । तर देवनागरी या I.P.A. लिपिहरूमा यस्ता लिपि चिन्हहरू पाइँन्दैन । जस्तै: नेपालीमा महाप्राणलाई मानार्थ संकेत चिन्ह (लिपि) बनाएर लिपिवद्ध गर्नुपर्दछ । तर सम्बोटा उछेन लिपिमा भने स्वयम् व्यवस्था भइराखेको छ । उदाहरणको लागि:

उछेन लिपि	देवनागरी	रञ्जना	प्रस्तावित तामाङ	I.P.A
	स्हा			syha
	स्हा/सृ			sha
	च्या			cya
	ङ्या			nya

यसरी उछेन लिपिमा व्यवस्था भइराखेको तामाङ भाषाको आवश्यक वर्णहरू (लिपि चिन्ह) देवनागरी र I.P.A. मा नपाइने हुनाले ती लिपिहरूमा अन्य वर्णहरूलाई संयुक्त रूपमा राखेर वा थप संकेत चिन्ह राखेर थप वर्ण बनाइराख्नु पर्ने भएको हुनाले तामाङ भाषा उछेन लिपिमा लेख्दा अझ सरल र सुगम हुन्छ ।

४. **तामाङ भाषाका मौलिक ध्वनीको प्रतिनिधित्वको साथै भाषालिपिलाई जीवन्त राख्नः**

अरू भाषाहरूको तुलनामा तामाङ भाषा उच्चारण भिन्न छ । हाम्रो भाषा स्वयम् आकार ध्वनीयुक्त भाषा हो । त्यसैले तामाङहरूले मऱ्यो = माऱ्यो, गयो = गायो, हजुर = हाजुर आदि नेपाली भाषा बोल्नुपर्दा झट्ट उच्चारण गर्न नसकिनाले उच्चारणमा आफ्नो तामाङपन जोडिन जान्छ । किनभने तामाङ भाषाको ध्वनी उच्चारण छुट्टै छ जो नेपाली भाषामा मिल्दैन । त्यसैले तामाङ भाषाको वर्ण (ध्वनीसमूह) उच्चारण विधि अनुसारको लिपि नै तामाङ भाषाको लागि पनि उपयुक्त हुन्छ । अन्यथा लेख्य परम्परामा एकरूपता ल्याउन कठीन हुन्छ । किनकी आजभोलिको देवनागरी लिपिमा लेख्ने विभिन्न तामाङ लेखकहरूले तामाङ भाषाको वर्ण शब्द, शब्द बनोट स्थितिको अध्ययन विना लेख्ने परम्परा बसाल्नु जस्तै हुनेछ ।

उछेन वर्ण	देवनागरी वर्ण	I.P.A.	प्रस्तावित तामाङ वर्ण
	क	K (के) क	
	ख	Kh (केएच) ग	
	ग	G (जी) ग	

यस अनुसार देवनागरी र IPA को वास्तविक वर्णको उच्चारण विधि व्यापक प्रचलनमा रहेको क ख ग / (के) क (केएच) ख र (जी) ग हो । यसैले यो वर्णचिन्हहरूलाई तामाङ भाषामा छुट्टै, जी लाई ग, केएच लाई ख र (के) क मान्नुपर्ने छुट्टै मान्यता दिनुपर्ने हुन्छ । तर उछेन सम्बोटा लिपिमा हाम्रो उच्चारण ध्वनी अनुसारकै मान्यता रहन्छ । यसरी देवनागरी र IPA लिपिबाट हाल तत्काललाई भाषा प्रचार गर्न सजिलो भएतापनि भविष्यमा यी लिपिको विस्तारले तामाङ भाषाको मौलिकता र आफ्नो युगौंको मान्यतालाई मार्न सक्छ । जस्तै हाल मिथिला र भोजपुरी भाषाको प्रचुर मात्रामा विकास भएतापनि आफ्नो लिपिलाई छोडिसकेकाले विस्तारै हिन्दी भाषाले भोजपुरी, मैथिली भाषामा धमिरा लगाएको छ । तामाङ भाषामा पनि नेपाली र अंग्रेजीको धमिरा नहुल्न (Sanskritisation and Nepalitisation) एवं कालान्तरसम्म तामाङ भाषालाई जीवन्त राख्न 'उछेन' (सम्बोटा) लिपि उपयुक्त देखिन्छ । उदाहरण:

उछेन लिपि	देवनागरी	IPA
	स्या	sya
	स्हा	syha
	ङ्या	ŋya
	च्या	cya

ཇ	ज्या	jya
ཤ	स्हा	sha
ཆ	छ्या	chya

यसबाट यो थाहा हुन्छ की उछेन लिपिमा सग्लो एउटा लिपि चिन्हले बुझाउन सक्ने एउटा वर्ण/ध्वनीलाई देवनागरीमा लेख्दा एउटा आधा वर्ण र अर्को सग्लो वर्ण मिलाई संयुक्त अक्षरको (संयुक्त वर्ण) लेख्नुपर्ने हुन्छ । जहाँ ' སྱ ' लेखे पुग्ने स्थानमा 'स् र या' वर्ण ध्वनीहरूलाई लिएर लेख्दा मात्र तामाङ भाषाको एउटा वर्ण हुन्छ । साथै तामाङ भाषाको मौलिक उच्चारण पनि दुरूस्तै नबोक्ने हुन्छ अर्थात स्या नभई 'स्या' उच्चारण हुनजान्छ ।

अर्थात्

उछेन लामा लिपि तथा प्रस्तावित तामाङ लिपि पठन विधिमा आकार वर्ण व्यवस्था हुनु र देवनागरी तथा IPA लिपिका वर्णहरूको पठन विधि बेग्ला बेग्लै किसिमले विकास भैसकेको लिपि हुनु र भारोपेली भाषा समुदायको प्रमुख लिपि IPA र देवनागरी नै हुनाले यी लिपिहरूमा तामाङ भाषालाई लिपिवद्ध गर्दा पठन तथा लेखनमा ल्याउन मुश्किल हुन्छ । उदाहरण:

लिपिको पठन विधि

उछेन लिपि	देवनागरीमा	IPA मा
ཀ	क	क k (के)
ཁ	ख	ख kh (के.एच.)
ག	ग	ग g (जी)

यस अनुसार उछेन लिपिमा " ཀ " लिपि चिन्हले बोक्ने उच्चारण भनेको 'क:' (लामो/आकारयुक्त) हुन्छ । तर देवनागरीमा 'क' मात्र र IPA मा K (के) लाई नै 'क' उच्चारण गर्ने गरिन्छ । यो पठन विधिमा सर्वत्र व्याप्त भएकोले उपरोक्त वर्णलाई क: (का) को उच्चारण गर्नु अशुद्ध ठानिन्छ । त्यस्तै नै IPA 'a' को 'अ र ए' दुई उच्चारण स्वरूप रहनुले तामाङभाषा यो लिपिमा लेख्दा यसले तामाङपनलाई मार्न सक्छ । जस्तो: ཨ་སྱེ = अस्ये = asye यो शब्दका तीन रूपलाई हेर्दा उछेन लिपिको उच्चारण स्वरूप "आस्ये" हो तर देवनागरीमा "आस्ये" र IPA मा अस्ये (अस्यइ) हुनेहुन्छ । जसले गर्दा "अस्ये" नै "अेस्ये" हुनजान्छ । र एउटै शब्द आस्ये = जान्दैन/अेस्ये = तिमीले, भई दुई वटा शब्द बेग्ला बेग्लै अर्थ लाग्ने हुन्छ ।

५. लिपि चिन्ह र वर्ण

उछेन (सम्बोटा) लिपिमा र प्रस्तावित तामाङ लिपिमा तामाङ भाषाको स्वनिम (उच्चारण हुने ध्वनी समूह) अनुसार आवश्यक ध्वनी समूहलाई प्रतिनिधित्व गर्नसक्ने पूर्ण वर्ण (लिपिचिन्ह) हरूको व्यवस्था भइराखेको पाइन्छ । तर (१) देवनागरी र IPA का वर्णहरू स्वयम भारोपेली भाषा नेपालीको निम्ति चाहिने भन्दा* अनावश्यक संख्यामा बढी छन् । जसको शुद्ध उच्चारण समेत गरिन्न । (२) वर्णको रूप समान भएकोले पढ्न लेख्न चिन्न कठीन ख/रव, भ/म, घ/ध/(३) केही एकै वर्णहरूको

* पेज १३३ - भाषा विज्ञान र नेपाली भाषा मोहन राजा शर्मा र कृष्णहरी बराल ।

लिपिचिन्हमा फरक छ जस्तो फ/झ, ण/रा, क्ष/ , स/श, श्र/र, ष/ख, ष/स, आदि तर उछेन सम्बोटा लिपिमा छुट्टाछुट्टै वर्ण चिन्ह व्यवस्था भएको पाइन्छ ।

तामाङ भाषा र तिब्बती भाषाका अधिकत्तर शब्द, शब्दको बनोट रूप तथा अर्थ समेत मिल्ने कुरा सबैलाई विदित नै छ । उछेन (सम्बोटा) लिपिमा तिब्बतमा राजकीय सम्मानका साथ तिब्बती भाषा तथा सम्पूर्ण बौद्ध दर्शनको अनुवाद भएको छ । त्यसैले यो लिपिको थोरै ज्ञानले पनि लामा, बौद्ध दर्शन अध्ययन एवं तिब्बती भाषा अध्ययन गर्न ईच्छुकहरूका लागि आधारशिला हुनेछ । उस्तै वा एउटै अर्थ दिने तिब्बती तथा तामाङ शब्दहरूको उदाहरण:

प्रस्तावित उछेन लिपिमा	तिब्बती लेखन विधि	तामाङ तथा तिब्बती उच्चारण विधि	अर्थ/Meaning
ཤེལ་	ཤེལ་	स्येल/Syel	बोत्तल/Glass
ཟོ་བ་	བཟོ་བ་	स्होबा/Shoba	बनाउने/Made
ཁྲིམ་	ཁྲིམས་	ठीम/THim	नियम/Law
ཏམ་	ཏམས་	ताम/Tam	कुरा/Matter
ཁུང་	ཁུང་	खुङ/Khuŋ	प्वाल/Hole

यस्ता उच्चारण र लेखनमा उस्तै उस्तै तिब्बती शब्द र तामाङ शब्दहरू तामाङ भाषामा सयौं संख्यामा पाउन सकिन्छ । त्यसैले यो लिपि "तामाङ लिपि" हो भन्ने ठम्याउन मद्दत पुगेको छ ।

६. गौरवको अनुभवः

अधिकांश तामाङ समुदाय लामा बौद्ध धर्मावलम्बी भएकोले र नेपालमा राणाकालमा कठोर दवाव र शिक्षामा कुनै मौका तामाङहरूलाई नदिएकोले, विकट एवं दुर्गम क्षेत्रमा तामाङजातिको बस्ती भएको गाउँहरूमा तामाङहरूको ज्ञान हासिल गर्ने माध्यम नै सम्बोटा लामा लिपि मात्र भएको हुँदा, लामा सम्बोटा लिपिलाई देख्दा मात्रै पनि तामाङहरू आफ्नोत्व एवं गौरवको अनुभुति गर्दछन् ।

७. भाषिक एक रूपता ल्याउने मानक हुनसक्ने :

विद्यमान तामाङ भाषाको भाषिकालाई एक रूपता ल्याउन एउटा मात्र सरल माध्यम सम्बोटा लामा लिपि हुनसक्छ । यस लिपिबाट लिपिवद्ध गर्दा केही हदसम्मको उच्चारणमा भिन्न भएका भाषिकालाई लेख्यमा एकरूपता ल्याउन यस लिपि उपयोगसिद्ध भएको छ । जस्तै:

एक रूपतामा ल्याउने प्रस्तावित लेखन	तिब्बती लेखन विधिबाट् लेखन	क भाषिकाको उच्चारण विधि	ख भाषिकाको उच्चारण विधि
ཕྱོང་ཁྱུ་	འཕྱོང་ཁྱུ་	ज्योङखाजु	ब्योङखाजु
ཕྱུ་	ཕྱུག་	छ्या/फ्या	फ्या
གྲམ་པ་	འགྲམ་པ་	डाम्पा	ग्राम्पा
གྲོང་པ	འགྲོང་པ་	डोङपा	ग्रोङपा

यसप्रकार उच्चारणमा ज्योनखाबु र ब्योङ्खाअुलाई लिखतमा नै लेखेर एक रूपता ल्याउन सकिनेछ । किनभने "ब्योङखाबु"लाई पहिले तामाङ भाषाको लेख्य परम्परा नहुँदा तिब्बती 'दायीग' लेख्ने विधि (Grammer) अनुसार 'ब' मा [illegible] 'याता' जोडेर लेख्दा 'ज्या' उच्चारण हुन्छ । यस्तो तिब्बती भाषाको 'दायीग' को प्रभावले तामाङ भाषा भाषिका बन्न पुगेका तामाङ भाषा बीच एकरूपता उछेन लिपिको लेख्यमा, आउने हुँदा यस लिपिले तामाङ भाषा-भाषिका बीच एक रूपता ल्याउन ठूलो भूमिका खेल्नेछ । तामाङ भाषालाई कालान्तरसम्म जिउँदो राख्नेछ ।

देवनागरी लिपिमा तामाङ भाषाको वर्ण उच्चारण अनुसारको लिपि चिन्हहरू नभएको हुँदा, देवनागरी लिपिको विकास सँगै सरकारले हर क्षेत्रमा नेपालीकरण (Nepalisation) लादिएको हुँदा सयौं तामाङ शब्दहरू, देवनागरी लिपिको चपेटामा परेर मरिसकेको र देवनागरी लिपिमा लिपिवद्ध हुँदा तामाङ भाषाको मौलिक शब्दमा नेपालीकरण वा संस्कृतीकरण भएको छ । जस्तै:

प्रस्तावित लिपि अनुसार	तामाङ रूप		नेपाली वा संस्कृतकरण भएको
ཛར་ནང་	जारनाङ	=	झारलाङ
དུང་ཇེ	दुङ्ज्ये	=	धुन्चे
ཟླང་གྲམ་	स्हाङग्राम	=	साल्मे
གོལ་ཇོང་	गोल्जोङ	=	घोलझुङ
ཧ་གོ་	हागो	=	हाकु
ད་དིང་	दादीङ	=	धादिङ
གླན་	ग्लान	=	घ्लान
ཐང་མ་ཅེད་	थाङमाचेत	=	फाङमाचेत
བལ་ཅེ་	बाल्ची	=	भाल्चे
བོ་མོ་ཏང་	बोमोताङ	=	बुङताङ
ཀི་མོ་ཏང་	कीमोताङ	=	किमताङ
ཅིལ་ཏིང་མོ་	चीलतीङमो	=	चिलिमे
བར་ཀུ་	बार्कु	=	भार्कु
གྱམ་	ग्याम	=	घ्याम
གང་	गाङ	=	घाङ
དང་ག་	दाङगा	=	घाङघा

८. उछेन (सम्बोटा) लिपिबारे:

यो लिपि तिब्बतमा स्रङचाङ गोन्पाको समयमा सातौं शताब्दितिर नै विकसित भएको हो । यस समयमा तिब्बतमा बुद्ध धर्मको प्रवेश आरम्भका अवस्था थियो । लिखत भाषामा रीतिरिवाज तथा रितिथितितथा धार्मिक शिल, प्रावधानहरू संस्कृतबाट अनुवाद गरिने गर्थ्यो ।* राजा स्राङचाङ गोन्पो, बोधिसत्व अवलोकेस्वर (चेनेरजी) ले आफ्नो मन्त्री थुमी सम्बोटा (Tunmi Sambota) र बोधिसत्व मन्जुश्री (ज्याम्पे याङ) को प्रमण्डल भारतीय भाषा अध्ययन गरेर तिब्बती भाषा बौद्ध साहित्यलाई व्यवहारिक रूपमा संस्कृतबाट अनुवाद गर्ने उद्देश्यले भारततर्फ पठाएका थिए ।

---

* Hand Book of Tibetan, Tengyai and Tensang, Graduate in Indo Tibetan Studies, Visva Bhariti University, Santiniketan, India. Translated by Kung Kagyo Dharma, Publications.

थुमी साम्बोटाले त्यस समय तिब्बती वर्ण व्यवस्थालाई संस्कृतमा भएका वर्ण व्यवस्थासँग मिल्ने गराउन तिब्बती भाषालिपिमा नभएका केहि वर्णहरूको थप सृजना गरेका थिए । त्यसै समयदेखि 'उछेन' लिपिलाई थुमी सम्बोटाको नामबाट "सम्बोटा लिपि" भनेर प्रचारमा आएको हो ।

हाल यो उछेन (सम्बोटा लिपि) चीन, तिब्बत, मंगोलिया, भारतको लदाख, सिक्किम, बर्मा, भूटान आदि मुलुकहरूमा पनि प्रचलित छ भने तिब्बतमा यसले राजकीय सम्मान प्राप्त गरेको छ । यो नेपालको तामाङ, शेर्पा, थकाली, गुरुङ, मनाङबा, जिरेल आदि समुदायसँग पनि प्रचलित लिपि हो ।

यो उछेन लामालिपि विकासक्रम सम्बन्धमा भाषा वैज्ञानिकहरूले 'ब्राम्ही' लिपिबाट भएको भनेर बढी मात्रामा बढाई चढाई प्रचार गरिएता पनि नेपाल राज्यभित्र आर्यनहरू प्रवेश हुनु पूर्वको नेपाल खाल्डोमा* (काठमाडौ उपत्यकामा) भेटिएका लिपिहरूको स्वरूप अध्ययन गर्दा र लिच्छवि र पूर्व लिच्छविकालको लिपिको अध्ययनलाई तुलनात्मक रूपमा 'उछेन र फाग्पा (मंगोल) लिपिसँग अध्ययन गऱ्यो भने सम्पूर्ण वर्ण वा लिपिचिन्ह 'उछेन या फाग्पा' लिपिसँग हुबहु मिल्दोजुल्दो स्वरूपको पाइन्छ । रसियन मानव शास्त्री डा. शेटेन्कोले* नेपाल खाल्डोमा ३०,००० वर्ष पहिले देखि तामाङहरू बसोबास गरेको तथ्य प्रमाणित गरे अनुसार लिच्छविकाल वा पूर्व लिच्छविकालमा पूर्व मंगोल या हिमाली खण्डबासीहरू नै प्रथम बसोबास गर्ने बासिन्दा हुन । भने भारोपेली भाषा समुदायका देवनागरी लिपिको पूर्खालाई पूर्व लिच्छवि लिपि अर्थात 'ब्राम्ही' लिपि मानिनु हाँस्यास्पद हुनेछ ।

त्यसैले पूर्व लिच्छविकालको भनिएको लिपिहरू 'उछेन' लिपिको चित्रात्मक स्वरूपदेखि हाल अक्षरात्मक तथा वर्ण लिपिको संमिश्रणको रूपमा विकास भएको अन्तरालभित्र पर्दछ । र 'उछेन' लिपिमा पूर्व चित्रात्मक अवस्थाको चिन्हको अवशेषको रूपमा 'ཡ' (या हात) को संकेत चिन्ह रहेकोले यो तामाङ भाषासँग सम्बन्धित देखिन्छ ।

९. तामाङ भाषा आलेखन सम्बन्धमा

विगत एक दशकदेखि नेपालमा तामाङ भाषालाई लिपिवद्ध गर्ने कार्यको द्रुत गतिमा श्रीवृद्धि भएको छ । तापनि अझै पूर्ण रूपमा लेखनको एउटै मानक भने विकास भैसकेको छैन । किनकि व्यवहारिक रूपमा विभिन्न वैज्ञानिक पद्धति भनिएका लेखन अभ्यासहरू भइरहेका छन् । र अब तामाङ भाषालाई कुन लिपिद्वारा कसरी लिपिवद्ध गर्दा, तामाङ भाषा सरल र सहज रूपमा लेख्न सकिनेछ । तामाङ भाषा साहित्य विकासको साथै तामाङ भाषाका मौलिकताहरूलाई कुन लिपिले जोगाउँनेछ भन्ने तथ्य पनि पिनै आलेखन अभ्यासहरूले देखाएको छ । ती विभिन्न लेखन अभ्यासहरूको लेखन पद्धति अनुसार आजभन्दा २ दशक अगाडि नै स्वदेशी तथा विदेशी भाषा विज्ञहरूले अनुसन्धान अध्ययन गरि तामाङ भाषा स्वयम् आकारयुक्त भाषा भएको आधारमा देवनागरी लिपिमा २० व्यञ्जन र २० स्वरको निर्धारण गरी तामाङ भाषामा अनौपचारिक शिक्षाका पुस्तक "ङचङम खेप्प लोप्के" भाग ३ सम्म, बाइबलका अमृत वचनहरूको अनुवाद "वचन" नामक पुस्तक, सा-साना भजनसंग्रहहरू लिपिवद्ध भई पच्छिम नेपालका तामाङ गाउँहरूमा व्यवहारिक पठन पाठन पनि भइरहेका छन् । तर व्यवहारिक पक्षमा भने यो लेखन पद्धतिमा लेखिएका पुस्तकहरू नेपाली तथा रोमन लिपिका कारण वर्तमान पुस्ताका सामान्य देवनागरी लिपिको बनोट बारे मात्र ज्ञान भएका तामाङहरूले पढ्दा, स्वरूप अशुद्ध देखिने र तामाङ भाषाको वैज्ञानिक स्वरूपको अध्ययन तथा व्यवस्थित लेख्य नियमको अभावमा र वर्ण निर्धारण गर्दा पनि 'स्ह', स्ह्ा वर्ण नपरेकोले यो पद्धति अव्यवहारिक सिद्ध भएको छ ।

नेपालमा बहुदलीय प्रजातन्त्रपछि तामाङ भाषा साहित्यको फाँटमा द्रुतगतिमा देवनागरी लिपिमा तामाङ भाषा लिपिवद्ध भएका छन् । यसै क्रममा २०४९ सालमा नेपाल तामाङ घेदुङले विभिन्न भाषा वैज्ञानिकहरूको उपस्थितिमा वर्ण निर्धारण तथा भाषा आलेखन गोष्ठीको आयोजना गरि नेपाल तामाङ घेदुङले तामाङ भाषालाई IPA देवनागरी तथा 'उछेन' लामा लिपिमा लिपिवद्ध गर्दै आएको छ । व्यवहारिक बोलिचालीको स्वरूपलाई नै दुरूस्तै रूपमा देवनागरी लिपिबाट लिपिवद्ध गर्दै आएको छ । भने

---

* हाम्रो समाज एक अध्ययन - जनकलाल शर्मा, साझा प्रकाशन

यस पद्धतिबाट तामाङ भाषिय त्रैमासिक समाचार संकलन "तामाङ सोम्ला", मासिक "कोनडोङडोङ" साहित्यिक समाचारमुलक पत्रिकाहरू प्रकाशन भएको छ भने "ङ्चाङला काअीरनरी" कविता संग्रह "बरूच्छुल्सा" कथा संग्रह, "Basic Word Book for Tamang Language" संज्ञा संग्रह, "कृष्ण तामाङला व्हाअीखा" कविता संग्रह "नाङसाल" मासिक साहित्यिक पत्रिका, "साङग्ये ङचोत्पा दोबा (बौद्ध प्रश्नउत्तर), "साङग्ये ङ्चाङला ग्याम" बुद्ध जीवनी, जेबी पात्रो, भित्ते पात्रो, आदि देवनागरी तथा IPA लिपिहरूमा लिपिवद्ध गर्ने अभ्यास भएको छ र हालै तामाङ लामा लिपिमा र देवनागरीमा समेत भएको "तामाङ ताम्पे" तामाङ उखान संग्रह र जोमक्लाङ/ओमक्लाङ/कोच्चाक्लाङ नामका गाउँखाने कथा संग्रहहरू घेदुङले तामाङ लामा लिपिमा प्रकाशित गरेको छ । यसको पछाडिघेदुङको उद्देश्य कुन लिपिले तामाङ भाषालाई राम्रो र ठीक व्यवहारिक तवरले समाउन सक्छ भन्ने परिक्षण गर्नु हो । लिपिमा लिपिवद्ध गर्दाको अनुभवको आधारमा 'उछेन" लामा लिपिले नै बढी प्रतिनिधित्व गर्ने देखिएकोछ ।

अमृत योञ्जनजीले पनि तामाङ भाषा आलेखनबारे स्यो म्हेन्दो मार्फत देवनागरी लिपिमा तामाङ भाषालाई लिपिवद्ध गर्ने । छुट्टै मौलिक विधिको लेखन पद्धतिको विकास गरेका छन् । उहाँले त्यहि पद्धतिमा "याम्बु" र स्हो-म्हेन्दो, पत्रिकामार्फत तामाङ भाषा आलेखन शुरूवात गर्नुभएको छ भने उहाँको पद्धतिबाट "तामाङ बोलचाल", तामाङ सुङताम II भाग, दुपवाङग्येल मोक्तानको "तामाङ शब्दार्थ संग्रह", नेपाली तामाङ शब्दार्थ आदि प्रकाशित भएका छन् । तर उहाँले निर्धारण गर्नुभएको वर्णमालामा पनि स्ह, व्ह, स्व्हा, स्य वर्णहरू समावेश गर्नुभएको छैन । तर यी वर्णहरू तामाङ भाषामा पाइन्छ । उछेन र प्रस्तावित तामाङ लिपिमा पनि यो वर्णहरू व्यवस्था भएको छ ।

विभिन्न पद्धति अनुसार लिपिवद्ध भएका आलेखनहरूको तुलनात्मक रूपमा निम्न अनुसार हेर्न सकिन्छ । जस्तै:

लेखन अभ्यासहरू

प्रस्तावित लिपि अनुसार	क पद्धति	ख पद्धति	व्यवहारिक ध्वनी पद्धति
ཆམ་བ་	छ्यामबा	छ्यम्ब	छ्याम्बा
བྲི་པ་	ब्रीपा	ब्रीप	ब्रीपा
བྲ་པ་	ब्रापा	ब्रप	ब्रापा
རོཔ་པ་	रोप्पा	रोप्प	रोप्पा
པྲང་བ་	प्राङ्बा	प्रङब	प्राङबा
པླེ་བ་	प्लेबा	प्लेब	प्लेबा
ཧྱུལ་	ह्युल	य्हुल	य्हुल/ह्युल
གྲེན་	ग्रेन	ग्रेन	ग्रेन

यसैले माथिको उदाहरणबाट यो सिद्ध हुन्छ कि जुनै पद्धतिबाट आलेखन भएपनि व्यवहारिक ध्वनि स्वरूप अनुसार देवनागरी लिपिले बोकेको देखिन्दैन । यसैकारण नेपाल तामाङ घेदुङले "उछेन" तामाङ लिपिमा आलेखन गर्ने निधो गरेको हो र यस लिपिमा आलेखन विधि सम्बन्धित पुस्तक प्रेसमा प्रकाशोन्मुख अवस्थामा छ । लिपि सम्बन्धी सूची पछाडि नत्थी गरिएको छ ।

१०. **उछेन लिपिमा:**

भारतको लदाखी भाषा र भूटानको जोङखा भाषा पनि आफ्नै किसिमले उछेन लिपिलाई विकास गरि लिपिवद्ध गरेको पाइन्छ । यो लिपि आधुनिक कम्प्युटर, टाइपराइटर, लेटर प्रेस तथा हातद्वारा पनि लिपिवद्ध गर्न सकिन्छ । तामाङ भाषालाई उछेन लिपिमा लिपिवद्ध गर्दा आवश्यक प्रस्तावित वर्णस्वरूप वा लिपिमाला पछाडि समावेश गरिएको छ ।

११. **निष्कर्ष:**

नेपाल तामाङ घेदुङले तामाङ भाषि विद्यार्थीहरूका लागि प्राथमिक शिक्षामा तथा अनौपचारिक शिक्षामा यस "उछेन" अर्थात "तामाङ लामा लिपिलाई नै प्रयोग गर्ने टुङ्गोमा पुगेका छौं । तर नेपालको सरकारले तामाङ भाषाको संरक्षण र विकास 'उछेन' (सम्बोटा) तामाङ लामा लिपिको प्रयोग प्रति संवेदनशील छैन । अझै पनि नेपालीकरण तथा संस्कृतीकरण गर्ने प्रक्रियामा रहेकाले देवनागरी लिपिलाई बल जफत प्रयोग गराउन सक्तछ । तापनि नेपाल तामाङ घेदुङ आफ्नो लिपिमानै लिपिवद्ध गर्ने प्रयासमा प्रयासरत छौं ।

सिक्किमले तामाङ भाषालाई "राज भाषा" को मान्यता दिएको र तामाङ जातिलाई नै आफूले आफ्नो भाषाको लिपिको पनि चयन गर्ने स्वनिर्णयको अधिकार दिएकाले सिक्किममा तामाङ भाषा र लिपिले तीव्र गतिले विकास गर्न सक्छ । तामाङहरूको जातिय पहिचानलाई अझ माथि उठाउन सक्छ भन्ने हामीलाई लागेको छ ।

अन्तमा गोष्ठीको निष्कर्ष सकारात्मक रहेमा यस "सिक्किम तामाङ बौद्ध संघ" र नेपाल तामाङ घेदुङले संयुक्त रूपमा तामाङ भाषा र लिपि विकासको कार्य गर्न थप अरू सहयोगका क्षेत्रहरू पहिल्याउनुपर्ने देखिन्छ । थुजेछे ।

प्रस्तुतकर्ता:
अजितमान तामाङ
केन्द्रीय सदस्य, नेपाल तामाङ घेदुङ
केन्द्रीय सचिवालय, काठमाडौं, नेपाल
२०५२/९/१

सन्दर्भ सामाग्रीहरू / REFERENCE:

१. स्मारिका ०४९ नेपाल तामाङ घेदुङ, छ्वार म्हेन्दो, विशेषांक-१४, तामाङ भाषा लिपि - रमेश कुमार तामाङ
२. छ्वारम्हेन्दो अंक १२/१३, अनुसूची २, तामाङ भाषा आलेखन कार्याशाला, गोष्ठीको प्रतिवेदन, १९९२, परशुराम तामाङ।
३. नेपाल चीन सम्बन्धका केही साँस्कृतिक पक्ष, ज्ञानमणी नेपाल, पेज नं. ५१०, आवरण पृष्ठ।
३. भाषा विज्ञान तथा नेपाली भाषा, मोहन राज शर्मा, कृष्णहरि बराल
४. A Hand Book of Tibetan, Kaygu Dharma Publication
५. भाषा विज्ञान, किताब महल, भारत, - भोलानाथ तिवारी।
६. नेपाल लिपि संग्रह, हेमराज शाक्य वंश।
७. स्हो-म्हेन्दो-१३, तामाङ अक्षर पहिचान र लेखन विधिसम्बन्धी कार्याशाला गोष्ठीको प्रतिवेदन, १९९२, अमृत योञ्जन।
८. Basic Word Book for Tamang Language : बर्तमान तामाङ भाषा लिपि लेखन शैली, १९९४, अजितमान तामाङ।
९. Modern Tibetan Language, Vol. 1, by Losang Thonden, Library of Tibetan Woks and Archieves, Dharmasala, India.
१०. बोओीदाङ हिन्काओी डी स्याम्ज्योर गी छीग दीजो - राहुल साँस्कृतियान साहित्य एकाडेमी, नई दिल्ली, भारत।
११. हाम्रो समाज एक अध्ययन : जनकलाल शर्मा, साझा प्रकाशन।
१२. तामाङ जाति, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, परशुराम तामाङ, २०५१।
१३. KAILASH, A JOURNAL OF HIMALAYAN STUDIES, "The Evolution of Devanagari Script", – Shankarman Rajbanshi, Kathmandu, Volume II, No. 1 & 2, 1974.
१४. रञ्जना लिपि वर्णमाला, प्रकाशत लिपि थपू गुथि, यल, ने.सं. १११५।
१५. हिमाली डोन्डोओी लोब देव जीपा दाकेओी, श्री ५ को सरकार, स्थानीय विकास मन्त्रालय, गुम्बा तथा विकास समिति, श्रीमहल, पुल्चोक, २०५० ।
१६. स्यार्बाओी लोबदेब दाङबो (शेर्पा भाषाको पहिलो पाठ्य पुस्तक), थुप्तेन लामा शेर्पा, याम्बु शेर्पा छिचोक, २०४८,

तामाङ ग्हेदुङको तामाङ भाषा आलेखन कार्यशाला गोष्ठिका सहभागीहरू, सन् १९९२-९-२५

Appendix-1 (परिशिष्ट-१)

नेपाल तामाङ घेदुङको तामाङ भाषा आलेखन कार्यशाला गोष्ठीद्वारा प्रस्तावित वर्णमाला

(क) व्यञ्जन-वर्ण (Consonants)

देवनागरी	क	ख	ग	ङ	ङ्			
रोमन	k	k^h	g	ŋ	ŋ̥			
संभोटा								
देवनागरी	च	छ	ज					
रोमन	C	C^h	j					
संभोटा								
देवनागरी	ट	ठ	ड					
रोमन	T	T^h	D					
संभोटा								
देवनागरी	त	थ	द	न	न्			
रोमन	t	t^h	d	n	n̥			
संभोटा								
देवनागरी	प	फ	ब	म	म्			
रोमन	p	p^h	b	m	m̥			
संभोटा								
देवनागरी	य	य्	र	र्	ल	ल्	व	व्
रोमन	y̥	y	r	r̥	l	l̥	w	w̥
संभोटा								
देवनागरी	स	ह						
रोमन	s	h						
संभोटा								

जम्मा = ३१

(ख) स्वर-वर्ण (Vowels)

ह्रस्व		दीर्घ	
i	इ	i:	इ:
e	ए	e:	ए:
a	अ	a:	अ:
o	ओ	o:	ओ:
u	उ	u:	उ:
TOTAL		वर्ण = १०	

व्यञ्जन वर्ण र स्वर वर्ण गरी जम्मा ४१ वटा वर्ण ।

अनुसूची - ए   डोरिन टैलर (१९६९ ई.) का अनुसार तामाङ लेखन पद्धतिमा देवनागरी लिपि वर्णमाला

तामाङ खण्डीय वर्णलिपि - वर्ण

(क) व्यञ्जन :

/ p /	=	< प, ब, भ >
/ p^h /	=	< फ >
/ t /	=	< त, द, ध >
/ t^h /	=	< थ >
/ k /	=	< क >
/ k^h /	=	< ख >
/ c /	=	< च, झ, ज >
/ c^h /	=	< छ >
/ ṭ /	=	< ट, ढ, ड >
/ $ṭ^h$ /	=	< ठ >
/ m /	=	< म >
/ n /	=	< न >
/ ŋ /	=	< ङ >
/ l /	=	< ल >
/ r /	=	< र >
/ r^h /	=	< ह्र >
/ s /	=	< स >
/ y /	=	< य >
/ w /	=	< व >
/ w^h /	=	< ह्व >

(ख) स्वर :

अ) स्वच्छ:

ह्रस्व/दीर्घ		ह्रस्व/दीर्घ
/ i, i : /	=	< इ, ई : >
/ e, e : /	=	< ए, ए : >
/ u, u : /	=	< उ, ऊ : >
/ o, o : /	=	< ओ, ओ : >
/ a, a : /	=	< आ, आ : >

आ) श्वस्त

/ i^h, i^h : /	=	< इ़, ई़ : >
/ e^h, e^h : /	=	< ए़, ए़ : >
/ u^h, u^h : /	=	< उ़, ऊ़ : >
/ o^h, o^h : /	=	< ओ़, ओ़ : >
/ a^h, a^h : /	=	< आ़, आ़ : >

व्यञ्जन-वर्ण २० र स्वर-वर्ण २० गरी जम्मा ४० वटा वर्णमाला निर्धारण गरिएको देखिन्छ ।

उछेन लिपि (सम्बोटा) सम्बन्धी थप जानकारी

उछेन लिपिमा एक आ स्वर समेत गरेर (साल्जे) ३० वटा व्यन्जन वर्ण संख्या भएको लिपि हो । यसको ४ मात्राहरू छन् जसलाई "याङयीग" भनिन्छ । याङयीग आ मा नै (अी), (अु), (अे), (ओ) गीकु, स्हाबक्यु, डेङबो र न्हारो गरी ४ मात्राहरू थपी स्वर बनाइन्छ । यी नै साल्जे सोम्च्यू र याङ यीग स्ही वर्णहरूको माध्यामबाट नै तिब्बती भाषा लिपिवद्ध गरिएको पाइन्छ ।

उछेन सम्बोडा लिपिको वर्णमालाहरू

सूची १. तिब्बती भाषा लिपिवद्ध उछेन लिपिमाला



सूची ३. तिब्बती भाषा लिपिवद्ध 'उमे' लिपिमाला



सूची २. लामा बौद्ध धर्म लिपिवद्ध भएको उछेन सम्बोडा लिपि माला





Appendix-3 (परिशिष्ट-३)

तामाङ भाषा लेखनको निम्ति प्रस्तावित उछेन लिपि

व्यञ्जन वर्ण (Consonant) र स्वर वर्ण (Vowel) ।

K = Ka क:	Kh = Kha ख:	G = Ga ग:	η = ηA ङ:	ηy = ηya ङ्य
C = Ca च:	Ch= Cha छ:	Z = Za ज:		
Cy = Cya च्य:	Chy = Chya छ्य:	Zy= Zya ज्य:		
T = Ta ट:	TH = THa ठ:	D= Da ड:		
t = ta त:	th = tha थ:	d= da द:	n = na न:	
P = PA प:	ph = pha फ:	b= ba ब:	m = ma म:	
y = ya य:	r = ra र:	l= la ल:	w = wa व:	hw = hwa व्ह:
s= sa स:	sh = sha स्ह:	shy= shya स्य:	syh= syha स्यह:	h = ha ह:
elements मात्राहरु	ईकार	उकार	एकार	ओकार
a अ:	I ई:	u उ:	e ए:	o ओ:

नयाँ प्रस्तावित तामाङ लिपि

यस लिपिमा उछ्रेन लिपिमा जत्तिकै तर तामाङ भाषाको सबै स्वनिम ध्वनि समूहलाई प्रतिनिधित्व गर्ने भएकोले उछ्रेन सम्बोटा लिपिलेभन्दा अझै शुद्ध र सरल किसिमले तामाङ भाषालाई यो लिपिले बोक्नेछ । यसलाई प्राचीन फाग्पा (मंगोल) लिपि भनिन्छ । यो हातले एवं आधुनिक कम्प्युटरमा प्रणालीमा समेत समावेश गर्न सजिलो पनि छ ।

आपाछे/व्यञ्जन वर्ण (Consonant)



आमाछे/स्वर वर्ण (Vowel)



उछेन लिपिको विकास सम्बन्धमा

पूर्व लिच्छवि लिपिका अभिलेखहरू*

रत्नसंघको अभिलेख



आभारीको अभिलेख



उत्तर लिच्छवि लिपिका अभिलेखहरू*

बुगमतिको अंशुवर्माको अभिलेख



पशुपति चौबाटोको अंशु वर्माको अभिलेख



चण्डेश्वरको अभिलेख



पशुपति वज्रघरको अभिलेख



* KAILASH, A JOURNAL OF HIMALAYAN STUDIES, "The Evolution of Devanagari Script", - Shankarman Rajbanshi, Kathmandu, Volume II, No. 1 & 2, pp 68-71, 1974.

Appendix-6 (परिशिष्ट-६)

पूर्व लिच्छवीकाल र उत्तर लिच्छविकालको काठमाडौं उपत्यकाभित्रको प्राचीन अभिलेखहरूको अध्ययन गर्दा उक्त अभिलेखहरूमा उल्लेखित लिपिको वर्ण वा अक्षरको स्वरूप निम्न अनुसार उछेन लिपिसँग तुलनात्मक अध्ययन गर्न सकिन्छ ।

उछेन लिपिमा हाल प्रचलित वर्ण	पूर्व लिच्छवि अभिलेखमा भएको वर्ण	उत्तर लिच्छवि अभिलेखमा भएको वर्ण



उपरोक्त तुलनात्मक अध्ययन गर्दा (कार्यपत्रको उछेन सम्बोडा लिपिबारे चौथो प्यारागाफमा हेर्नुहोस् ।) सम्पूर्ण रूपमा हु-बहु पूर्व लिच्छविकाल र उत्तर लिच्छविकालको लिपिको वर्ण स्वरूप मिलेको देखिन्छ । उक्त स्वरूप मिल्नाले, त्यस समयमा यो लिपिको अर्थात उछेन लिपिको प्रचूर मात्रामा विकास भएको तथ्य पुष्टि हुन्छ । लिच्छवीकालपछि नेपाल उपत्यकामा पाइएका प्राचीन नेवार लिपि विक्रम सम्वत्को दशौं शताब्दीदेखि मल्लकालसम्ममा पूर्ण रूपमा फस्टाउने बढी मौका पाएको देखिन्छ भने मल्लकालदेखि नेपाल खाल्डोमा (काठमाडौं उपत्यकामा) विस्तारै भारोपेली भाषा समुदायका लिपिहरूले प्रश्रय पाउन थालेको देखिन्छ । किनकि, मल्लकालमा बहु प्रचारित रञ्जना लिपि अर्थात (ल्हेन्ज्या) लिपि उर्दूबाट विकास भएको तथ्यले यो कुराको पुष्टि हुन्छ । मल्लकालपछि नेपाल खाल्डोमा आर्यनहरूले आफ्नो राज्यसत्ता पञ्जामा लिएपछि नै आर्यन भाषाले फस्टाउने मौका पाएको पाइन्छ ।

विक्रमको दशौं शताब्दीको लङ्का अवतार भन्ने पुस्तकको अन्तिम पत्रबाट *



भक्तपुरको तोमढीको अभिलेख*



प्राचीन नेवार लिपि

यसप्रकार नेपालका प्राचीन अभिलेखहरूमा कुँदिएको लिपिहरूको अध्ययन गर्दा अहिलेको देवनागरी लिपिको विकासक्रमसँग नेपालका भारोपेली समुदायका भाषाविदहरूले प्राचीनकालमा प्रयोग भएको लिपि चिन्हहरू र यिनै प्राचीन लिपिहरूको अध्ययन आधार बनाई देवनागरी लिपिसँग मिलाउने (विकासक्रम देखाउने) चेष्टा गरेको पाइन्छ । तर उछेन लिपिसँग तुलनात्मक रूपमा अध्ययन गर्ने हो भने प्राचीन लिच्छवीकालको लिपिसँग अधिकत्तर वर्ण तथा अक्षरहरू दुरूस्तै मिल्दो जुल्दो पाइएको हुँदा, उछेन लिपिको अझ बढी प्राचीनता रहेको पुष्टि हुन्छ ।

---

* KAILASH, A JOURNAL OF HIMALAYAN STUDIES, "The Evolution of Devanagari Script", – Shankarman Rajbanshi, Kathmandu, Volume II, No. 1 & 2, pp76, 1974

क:ख:म: ब्रीपा लोप्के

(क, ख लेख्न सिकौं) **(Learn How to Write Alphabets)**



सिक्किम तामाङ बौद्ध संघको आयोजनामा भारतको सिक्किम राज्यमा (बि.सं. २०५२ साल, पुस १-२ तदनुसार १६-१७ दिसेम्बर, १९९५) सम्पन्न भएको यो दुई दिवसीय "तामाङभाषा र लिपि" विषयक संगोष्ठिमा नेपाल तामाङ ग्हेदुङको तर्फबाट केन्द्रीय सदस्यहरू पाल अजितमान तामाङ, लामा धर्मराज दोङ तामाङ, पाल सोम बहादुर ग्लान तामाङ, पाल कृष्णराम दोङ तामाङले भाग लिनु भएको थियो। पाल अजितमान लोप्चान तामाङले गोष्ठीमा 'तामाङ ग्योत थेन छ्ये/यीग' शिर्षकमा गोष्ठीपत्र प्रस्तुत गर्नु भएको थियो।



नेपाल तामाङ घेदुङका प्रकाशनहरू

आवरण पृष्ठ-अन्तिम

The First International Symposium on Tamang language and Script, 16-17-Dec-1995

Organized by Sikkim Tamang Buddhist Association, Gangtok, Sikkim, India.

Photo: Dilip Rumba Tamang